दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २२० | बुटवल | २०८३ भदौ ०४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday August 20, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


## पत्रकार श्रेष्ठलाई पक्राउ नगर्न अन्तरिम आदेश



बुटवल । उच्च अदालत पाटनले जनआस्था प्रकाशन प्रा.लि. का अध्यक्ष एवं सम्पादक किशोर श्रेष्ठलाई पक्राउ नगर्न र कुनै पनि धरपकड नगर्न अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश अच्युत कुइँकेलको एकल इजलासले बुधबार यस्तो आदेश दिएको हो।

जनआस्था साप्ताहिकमा प्रकाशित समाचारलाई लिएर जिल्ला प्रहरी परिसर ललितपुरले पक्राउ गर्न सक्ने र वैयक्तिक स्वतन्त्रतामा असर पर्न सक्ने भन्दै श्रेष्ठले निषेधाज्ञाको माग गर्दै रिट दायर गरेका थिए। उक्त रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै अदालतले मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म श्रेष्ठलाई धरपकड नगर्न, पक्राउ नगर्न र थुनामा नराख्न विपक्षीका नाममा अन्तरिम आदेश दिएको छ।

उच्च अदालतले आफ्नो आदेशमा जनआस्था साप्ताहिकमा प्रकाशित समाचारका विषयमा प्रेस काउन्सिल नेपालमा उजुरी परेको र सो विषयमा काउन्सिलले कारबाही अघि बढाइसकेको कुरालाई आधार बनाएको छ। प्रेस काउन्सिलमा उजुरी परी कारबाहीयुक्त अवस्थामा रहेको र सोको टुङ्गो नलागेको अवस्थामा प्रहरीले धरपकड गर्नु न्यायोचित नहुने अदालतको ठहर छ।

विचार र अभिव्यक्तिको स्वतन्त्रता साथै सञ्चारको हकसम्बन्धी संवैधानिक प्रावधानलाई उद्धृत गर्दै सञ्चार माध्यममा प्रकाशित सामग्रीकै आधारमा पत्रकारलाई पक्राउ गर्नु संवैधानिक हकविपरीत हुने उच्च अदालतले पनि उल्लेख गरिएको छ। अदालतले सर्वोच्च अदालतबाट यसअघि प्रतिपादित नजिरहरूलाई समेत आधार मान्दै श्रेष्ठको पक्षमा यो आदेश जारी गरेको हो। उपसभामुख रुवीकुमारी ठाकुरले आफूसँग जोडिएको एक समाचार सामग्रीको विषयलाई लिएर ललितपुर प्रहरीमा उजुरी दिएकी थिइन्। प्रहरीले पक्राउको अनुमति मागे पनि ललितपुर अदालतले कागजात नपुगेको भन्दै मिसिल फिर्ता गरेको थियो।

## मन्त्री फेर्ने तयारी छैन : रवि



बुटवल । रास्वपाका सभापति रवि लामिछानेले मन्त्री हेरफेरको कुनै सम्भावना नभएको बताएका छन्। संसदीय दलको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै केही प्रश्न आउनु सामान्य भएको बताए।

उनले भने-'कुनै पनि मन्त्रालय, मन्त्री वा उहाँहरूले १०० वटा काम गर्दा १/२ वटा वा ४/५ वटा काममा प्रश्नहरू आउनु स्वाभाविक हो, त्यसलाई हामी अस्वाभाविक मान्दैनौँ। रास्वपाभित्र हामी आफैं पनि प्रश्न गर्ने गर्दछौं। मन्त्री फेर्ने कुनै तयारी छैन, कुनै छलफल छैन र त्यस्तो कुनै सम्भावना पनि छैन।'

उनले बुधबारको बैठक संसदीय दलको औपचारिक नभएको बताए।

उनले भने-'सभापतिले सांसदहरूसँग गर्ने आन्तरिक छलफल कार्यक्रम हो। दलको बैठक पछि बस्दै छ, त्यसमा दलको नेता आइहाल्नुहुन्छ, त्यसमा कुनै दुविधा छैन।'

बैठकमा संसद्मा प्रस्तुत हुनेबारे छलफल भएको बताए। उनले भने-'संसद्मा मर्यादित ढङ्गले प्रस्तुत हुने, संसद्मा उठ्ने विषयवस्तुहरू आम नागरिकको जीवनसँग जोडिएका विषयहरू हुने लगायतका विषयमा छलफल गरेर एउटा राम्रो बुझाइका साथ अगाडि जाने विषयमा आज छलफल भएको हो।'

## तरकारी र खाद्यान्नमा भारी मूल्यवृद्धि



बुटवल। भान्सामा प्रयोग हुने प्रमुख तरकारी, फलफूल तथा खाद्य वस्तुहरूको मूल्यमा भारी वृद्धि भएको छ। बजार मूल्य विश्लेषणसम्बन्धी पछिल्लो प्रतिवेदन अनुसार २०८३ असार महिनामा हरियो तरकारी र फलफूलको मूल्य २५३ प्रतिशतसम्म महँगो बनेको हो। उक्त प्रतिवेदनका अनुसार सबैभन्दा बढी मूल्य वृद्धि सानो गोलभैंडा (लोकल) मा देखिएको छ। अघिल्लो अवधिभन्दा स्थानीय सानो गोलभैंडाको मूल्य २५३ प्रतिशतले बढेको छ भने टनेलमा उत्पादन गरिएको सानो गोलभैंडाको मूल्य पनि १५८.६ प्रतिशतले वृद्धि भएको छ।

यस्तै, दैनिक उपभोग्य बुलेट हरियो खुर्सानीको मूल्यमा १७९.४ प्रतिशतको वृद्धि भएको छ। अत्यधिक मूल्य बढेका वस्तुहरूमा आँप (दशहरी) १६० प्रतिशत, पिँडालु १५७ प्रतिशत, रायोको साग र तने बोडी १५० प्रतिशतसम्म मूल्य बढेको छ।

तरकारी तथा फलफूलको मूल्यमा उच्च उतारचढाव देखिए तापनि केही वस्तुको मूल्य भने स्थिर वा सामान्य अवस्थामा रहेको छ। प्रतिवेदन अनुसार सिताके च्याउ र हरियो छ्याप्पीको मूल्यमा कुनै परिवर्तन भएको छैन। यस्तै, अभोकाडोको मूल्य ०.६७ प्रतिशत, ताजा रहु माछाको मूल्य १.५१ प्रतिशत र पाकेको फर्सीको मूल्य १.७८ प्रतिशतले मात्र परिवर्तन भएको छ।

खाद्यान्न तर्फ निश्चित प्रकारका चामल, दाल, गेडागुडी तथा उपभोग्य तेलको मूल्यमा पनि सामान्य वृद्धि देखिएको छ। खाद्यान्न तर्फ बैशाख महिनाको तुलनामा असारमा सोना मन्सुली, स्टिम जिरा र मोटा चामलको मूल्यमा सामान्य वृद्धि भएको छ।

थोक मूल्यको विश्लेषण गर्दा चामल र चिउराको मूल्य बढेको देखिएको छ। पिठो र मैदाको मूल्यमा भने सामान्य गिरावट आएको छ। असार महिनामा चिनीको खुद्रा मूल्य प्रति किलो १०५ देखि ११० रुपैयाँको हाराहारीमा पुगेको छ।

# हिलपार्कमा भव्य सप्तऋषि धाम



बुटवल। बुटवल-७ हिलपार्क मार्गमा दुई करोड बढी लागतमा सप्तऋषि धाम निर्माण भएको छ।

धामको समग्र क्षेत्रफल करिब डेढ बिघा रहेको छ भने मन्दिर करिब सात कठ्ठा क्षेत्रफलमा निर्माण गरिएको छ। सप्तऋषि धामलाई धार्मिक आस्थाको केन्द्रसँगै धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले बुधबार धाम परिसरमा सरोकारवालाबिच भेला र छलफलसमेत गरिएको छ।

भेलामा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य चिन्तामणि पाण्डेले धामलाई सबै धार्मिक समुदायको साझा केन्द्र बनाउने बताए।

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सप्तऋषि धामलाई धार्मिक आस्थासँग मात्र सीमित नराखी बुटवलको पर्यटनसँग जोड्न सकिने बताए। हिलपार्क क्षेत्रको प्राकृतिक तथा पर्यटकीय सम्भावनासँग सप्तऋषि धामलाई जोड्न सके यस क्षेत्रले नयाँ धार्मिक पर्यटन गन्तव्यको स्वरूप लिन सक्ने उनले जनाए।

धामका अध्यक्ष यदुनाथ पाण्डेले निर्माण सम्पन्न भइसकेको धाममा यही भदौ २५ गते देखि प्राण प्रतिष्ठा सुरु हुने र २९ गते सप्त ऋषिहरुको मूर्ति प्रतिस्थापन गरी नियमित पूजाआजा सुरु गर्ने तयारी गरिएको बताए। त्यसका लागि सरोकारवालासँग राय सुझाव लिन भेला आयोजना गरिएको बताए।

कार्यक्रममा देवदह भलुही गौशालाका सन्त सोमराजजी महाराज, कार्यक्रम संयोजक पुरुषोत्तम पाण्डे, धामका उपाध्यक्ष कृष्णप्रसाद पाण्डे, सचिव विष्णुप्रसाद पाण्डे, पाण्डे सेवा समितिका वरिष्ठ उपाध्यक्ष शोभाकान्त पाण्डे, महासचिव खगराज पाण्डेलगायतले सप्तऋषि धाम बुटवलकै नमूना धार्मिक गन्तव्य बन्ने सक्ने धारणा राखेका थिए।

## टीओबीका गतिविधि नरोकिए
## तिब्बती शरणार्थी शिविर बन्द गर्नुपर्छ : बादल



लुम्बिनी संवाददाता
*बुटवल*

नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले टीओबीका गतिविधि नरोकिए तिब्बती शरणार्थी शिविर बन्द गर्नुपर्ने बताएका छन्।

निर्वासित तिब्बतीलाई मानवीय रूपमा नेपालमा बस्न दिए पनि राजनीतिक शरणार्थीको मान्यता नदिइएको उनले बताए।

बुधबार प्रतिनिधिसभा बैठकको विशेष समयमा पूर्वगृह र रक्षामन्त्री समेत रहेका थापाले भदौ २४ गते लुटिएका हतियार तिब्बती गुम्बामा लुकाइएको सूचना रहेको बताएका हुन्। 'निर्वासित तिब्बतीलाई मानवीय आधारमा नेपालमा शरण दिएको हो, राजनीतिक शरणार्थीको रूपमा मान्यता दिइएको छैन,' बादलले भने-'हामी नेपालको भूमि दोस्रो खम्पा विद्रोहका लागि कदापि प्रयोग हुन दिन्नौं, नेपाललाई दोस्रो युक्रेन बन्न दिन सक्दैनौं। टीओबीका अवाञ्छित गतिविधि नरोकिए शरणार्थी शिविर बन्द गरी पश्चिमी मुलुकमा हस्तान्तरण गरिनुपर्छ।'

बादलले रास्वपाको आन्तरिक सत्ता संघर्षले पनि नेपालको राष्ट्रियतामाथि गम्भीर चिन्ता पैदा गरेको दाबी गरे। उनले गत वर्ष भदौ २३-२४ को घटना सुनियोजित विध्वंस भएको बताए। 'बादल' ले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका सवालमा गम्भीर सङ्कट पैदा भएको दाबी गरे।

» *बाँकी ३ पेजमा*

## बुटवल-८ मिलनपथ सडक विस्तारमा विवाद

बुटवल। बुटवलको मिलनचोकदेखि पूर्वतर्फको मिलन पथ सडक विस्तार विवादित बनेको छ। घरहरु बनिसकेपछि बनेको सडक मापदण्डअनुसार घरधनीले संरचना हटाउन नमानेपछि लामो समयदेखि सडक विस्तार कार्य विवादित बनेको हो। बुधबार सडक सीमाभित्र अतिक्रमण भएको क्षेत्र छुट्याएर पुनः नापजाँच तथा रेखांकन गर्न पुगेको टोलीलाई स्थानीयले अवरोध गरेका छन्। सडक विस्तारका लागि पटक-पटक प्रयास भए पनि स्थानीयको विरोधका कारण काम अघि बढ्न नसकेको बुटवल उपमहानगरपालिका-८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनीले बताए।

उनका अनुसार मिलनचोकदेखि सुन्दरचोकसम्म करिब १८० मिटर सडक यसअघि नै विस्तार भइसकेको छ। बाँकी करिब १५० मिटर सडक भने स्थानीयको अवरोधका कारण निर्माण हुन सकेको छैन। मिलन पथमा २०५६ सालमै ४१ फिट सडक कायम गरिएको भए पनि सडक क्षेत्रमा बनेका संरचना नहटाउँदा सडक विस्तारमा समस्या भएको वडाध्यक्ष पंगेनीले बताए। 'यो क्षेत्रमा पर्ने केही घरधनीले सडक क्षेत्रमा परेका संरचना हटाइसक्नुभएको छ। बाँकी रहेका केही घरका कारण बजेट हुँदाहुँदै पनि सडक सम्पन्न हुन सकेको छैन।'-उनले भने। यसअघि प्रदेश सरकारको ५० लाख र वडा कार्यालयको १८ लाख रुपैयाँ बजेटबाट सडक विस्तारको काम गरिएको थियो। सडक विस्तारका लागि बजेट विनियोजन भए पनि स्थानीयको अवरोधका कारण पटक-पटक बजेट फिर्ता गएको वडाध्यक्ष पंगेनीले बताए। चालु आर्थिक वर्षमा पनि सडक सम्पन्न गर्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

स्थानीयले भने पुराना संरचना हटाउँदा आफूहरूको सहमति र अधिकारलाई बेवास्ता गर्न नहुने बताएका छन्। स्थानीय टुकबहादुर क्षेत्रीले पञ्चायतकालमै नापजाँचलगायत सम्पूर्ण प्रक्रिया पूरा गरेर सडक निर्माण भएकाले अहिले स्थानीयको सहमतिबिना घर भत्काउन नहुने बताए। 'त्यतिबेला नापजाँचलगायत सम्पूर्ण प्रक्रिया पूरा गरेर सडक निर्माण गरिएको हो। अहिले नगरपालिकाले विभिन्न मापदण्डका नाममा स्थानीयको सहमतिबिना घर भत्काउन पाउँदैन,' उनले भने-'हामी विकास विरोधी होइनौं तर विकास निर्माण गर्दा स्थानीय जनताको भावनालाई पनि बुझ्नुपर्छ।'

बजेट विनियोजन भइरहे पनि सडक सीमामा रहेका संरचना हटाउने विषयमा सहमति जुट्न नसक्दा सडक विस्तारको काम प्रभावित भएको छ।


"Affiliated to Tribhuvan University"
LUMBINI CITY COLLEGE
ADMISSION OPEN
B.Sc.CSIT
B.Sc. Computer Science and Information Technology
BITM
Bachelor Of Information Technology Management
BCA
Bachelor Of Computer Application

Tilottama-4, Drivertole, Rupandehi
WWW.lcc.edu.np
admin@lcc.edu.np
Contact us
071-414633, 9857043996

# सम्पादकीय

## बाघ अझैं बढाउने ?

नेपालमा डेढ दसकमा भएका २४५ बाघ आक्रमणका घटनामा १४१ जनाको मृत्यु भएको छ, जसमा अधिकांश घटना निकुञ्जभित्र नभई मध्यवर्ती र राष्ट्रिय वन क्षेत्रमा भएका छन् । आक्रमणमा पुरुषको संख्या बढी भए पनि महिलाको मृत्यु दर उच्च देखिएको छ, विशेषगरी घाँसदाउरा र वन स्रोत संकलनका क्रममा झुकेर वा बसेका बेला जोखिम बढेको अध्ययनले देखाएको छ । मानव-बाघ द्वन्द्व घटाउन वनमा निर्भरता कम गर्ने, जोखिमयुक्त क्षेत्रमा प्रवेश नियमन गर्ने, सामुदायिक वन व्यवस्थापन सुधार्ने र मध्यवर्ती क्षेत्रका लागि पर्याप्त बजेट उपलब्ध गराउनुपर्नेमा अध्ययनकर्ताको जोड छ ।

मध्यवर्ती क्षेत्रका बासिन्दाको खेतीबाली नष्ट हुने, आक्रमणले ज्यान जोगाउनै सकस भएपछि संरक्षण अभियानविरुद्ध समुदय लाग्ने जोखिम हुनसक्छ । वन्यजन्तु संरक्षण गर्दा समुदायले लाभ पाउने वातावरण सुनिश्चित हुनुपर्छ नै, त्यसका साथै समुदायमा विश्वासको वातावरण बन्नु पर्छ । अहिले निकुञ्ज र समुदायबिच अविश्वासको वातावरण छ । निकुञ्जको आम्दानी ३० करोड रुपैयाँभन्दा माथि हुने गरेको, तर मध्यवर्ती समितिहरूका लागि ६ देखि आठ करोड रुपैयाँ बजेट व्यवस्थापन हुँदै आएको छ । नियमले दिने ३० देखि ५० प्रतिशत बजेट व्यवस्थापन नभएको मध्यवर्ती समितिको गुनासो छ । समुदायलाई संरक्षणमा साथै अघि बढाउन संरक्षणको लाभ समुदायमा पनि पुऱ्याउन निकुञ्ज प्रशासन चुक्न हुन्न । समुदायको साथ विना संरक्षणको अभियान प्रभावकारी हुन्न ।

निकुञ्जले सामान्य विषयमा स्थानीय बासिन्दालाई दुःख दिने, तर वन्यजन्तुले पारेको नोक्सानप्रति मल्हमपट्टि लगाउन पटक्कै ध्यान नदिएको गुनासो छ । संरक्षण कार्यक्रम भएका कानुन कार्यान्वयनले मात्रै प्रभावकारी हुने होइन, व्यवहारिक रुपमा समुदायलाई संरक्षणप्रति अपनत्वभाव पैदा हुनुपर्छ । मानव-वन्यजन्तु द्वन्द्वले भइरहेको नोक्सानीको क्षतिपूर्ति दिने कसले हो ? त्यो क्षतिपूर्ति बापत केही पैसाको सहयोगले तत्काल राहत मिल्ला, तर निरन्तर भइरहने घटनालाई रोक्न समुदायको वनप्रतिको निर्भरता घटाउनुपर्छ । बदलिएको वन्यजन्तुको स्वभावका बारेमा पनि समुदायलाई जानकारी गराएर अघि बढ्नुपर्छ । बाघको मुख्य बासस्थल राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र हो । तर आक्रमण र ज्यानै जाने घटना निकुञ्जबाहिर मध्यवर्ती क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा रहेको देखाएको छ । अध्ययन अवधिमा राष्ट्रिय निकुञ्ज क्षेत्रमा भएका घटना १६ वटा मात्रै थिए । यो कुल घटनाको साढे ६ प्रतिशत मात्रै हो । मध्यवर्ती क्षेत्रमा झण्डै ७० प्रतिशत अर्थात् ६९ दशमलव ४ प्रतिशत घटना भएका छन् । अध्ययन अवधिमा बाघले आक्रमण गरेकामध्ये ७९ जना पुरुष र ६२ जना महिलाको निधन भएको छ । बाघले आक्रमण गरेका मध्ये महिलाभन्दा पुरुषको संख्या झण्डै दोब्बर छ । १५ वर्षमा १६० जना पुरुष र ८५ जना महिला बाघको आक्रमणमा परेका थिए । आक्रमणमा परेकामध्ये पुरुषको मृत्यु दर ५० प्रतिशतभन्दा कम र महिलाको मृत्यु दर ७२ प्रतिशतभन्दा धेरै देखिएको छ ।

मध्यवर्ती क्षेत्रका बासिन्दाको जीविकोपार्जनको ग्यारेण्टी राज्यले नगर्ने हो भने संरक्षणप्रति समुदाय भड्किन सक्छ । बढ्दो मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्न र समुदायलाई संरक्षणप्रति अपनत्व गराउन योजनाबद्ध कामको थालनी सरकारबाट अपेक्षित छ । निकुञ्ज आसपासको बस्तीका बासिन्दा रोजगारीको लागि खाडी मुलुक जानुपर्ने बाध्यता हुनु लज्जास्पद हो । शिक्षा र स्वास्थ्यमा गुणस्तर बढाउने, सडक पूर्वाधारमा लगानी विस्तार गर्ने र स्थानीय बासिन्दालाई आयमुलक व्यवसायमा सहभागी बनाउने कार्यक्रम प्रभावकारी हुन नसक्नु राज्यको कमजोरी हो । वन्यजन्तु संरक्षण गरेको समुदाय जीविकोपार्जनको लागि अरबको खाडीमा पसिना चुहाउनुपर्ने बाध्यताले हाम्रो संरक्षण अभियान सार्थक होला ?

# मैले प्रत्यक्ष भेटेका घण्टप्रसाद अर्याल


माधवप्रसाद अर्याल

त्यसपछि विभिन्न राजनीतिक आन्दोलनमा सक्रिय रहँदै उहाँ पटक-पटक जेलसमेत पर्नुभएको थियो । २०१८ सालमा गाउँस्तरको निर्वाचनबाट प्रधानपञ्च निर्वाचित भई स्थानीय नेतृत्वमा समेत सक्रिय हुनुभयो । पुनः २०२१ सालमा प्रधानपञ्च हुनुभयो । यसरी घण्टप्रसाद अर्यालको राजनीतिक संघर्ष र सामाजिक अभियान एकअर्कासँग जोडिएका थिए । उहाँको जीवन राजनीतिक परिवर्तनसँगै सामाजिक चेतना र गाउँको विकासका लागि समर्पित संघर्षको इतिहासका रूपमा देखिन्छ ।

करिब २६ वर्षअघिको कुरा हो । पत्रकारिताको सिलसिलामा मदनपोखरा जाने अवसर मिलेको थियो । त्यसबेला मदनपोखरा अहिले जस्तो सहजै यातायात र सञ्चारको पहुँचमा थिएन । त्यहाँको सामाजिक परिवर्तन, गाउँको विकास र स्थानीय गतिविधिबारे बुझ्ने क्रममा घण्टप्रसाद अर्यालको नाम मैले धेरैपटक सुनेको थिएँ । उहाँको योगदानबारे प्रत्यक्ष सुन्ने उत्सुकता थियो ।

सन्दर्भ बन्यो, सामुदायिक रेडियो मदनपोखरामा पुग्ने । धेरै साथीहरु सामुदायिक रेडियोमा कार्यरत थिए । त्यसैले म पत्रकार साथी रामचन्द्र नेपालसँग मदनपोखरा पुगेको थिएँ । सिद्धार्थ राजमार्गको नयाँपाटीसम्म सार्वजनिक बसमा गयौँ । त्यसपछि निजी साधनको सुविधा भएन । करिब २० मिनेट पैदल हिँडेपछि उहाँको घर पुग्यौं । घण्टप्रसाद अर्याल आँगनमै हुनुहुन्थ्यो । हामीले आफ्नो परिचय दिएपछि उहाँले सहज रूपमा कुराकानी सुरु गर्नुभयो । त्यो भेट अहिले पनि मेरो स्मृतिमा ताजै छ । साउन २२ गते अर्याल ब्रम्हलिन हुनुभयो । तर उहाँसँगको याद भने अहिले पनि उस्तै छ ।

अहिले पनि सम्झना ताजै छ । उतिबेला दिउँसोको समय थियो । केही साथीहरूसँगको भेटपछि मलाई उहाँसँग अझै धेरै कुरा गर्न मन लाग्यो । सामुदायिक रेडियोमा केही समय बिताएर फर्कने साथी रामचन्द्र नेपाल र म घण्टप्रसाद अर्यालसँग कुराकानी गर्न बस्यौ । लाग्थ्यो उहाँसँग अथाहा ज्ञान छ । उहाँको ज्ञानलाई कसैले बुझ्नेजस्तो लागेको थिएन । उहाँका दुःख, संघर्षका स्मरण ताजै थिए ।

उहाँसँगको बसाइँमा बेलिबिस्तार गर्दै अघि बढ्दा परिचय खुल्दै गयो । उहाँले मदनपोखराको विगतदेखि त्यहाँ भएका सामाजिक, राजनीतिक र विकासका गतिविधिबारे आफ्ना अनुभव सुनाउनुभयो । कुराकानीको क्रममा पाल्पाको पूर्व रामपुर, सहलकोट, मित्याल, पूर्वखोलादेखि छहरासम्मका गाउँको अवस्था, त्यहाँको कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक र सामुदायिक वनका विषयसम्म कुराकानी भयो । सायद यसरी गफिँदा उहाँ उमेर ढल्केको जस्तो लागेन । पुरानै कुरा मज्जाले स्मरण गर्नुभयो । मैले उहाँका बारेमा बाहिरबाट जति सुनेको थिए, उहाँकै मुखबाट सुन्न पाउँदा मन प्रफुल्लित नहुने कुरै भएन ।

अझ गजब के थियो भने उहाँले त्यसबेला मदनपोखरालाई 'नमूना गाविस' भनिनुको कारणबारे पनि उहाँसँग कुरा भयो । गाउँमा आधुनिक तरकारी खेती कसरी सुरु भयो भन्ने विषयमा जानकारी भयो । अमेरिकन मकैको गफ सुन्दा अचम्म नै थियो । उहाँले सडक खन्न, कामका लागि खाद्यान्नलगायतमा अनुदानमा बाहिरदेशबाट आउने गहुँलगायत अन्य अन्नमा मकै मिसिएर आउने र मकैको दाना संकलन गरेर बिउ बनाएको कुरा गजबकै थियो ।

सामुदायिक वनको विकास कसरी भयो ? भन्ने विषय पनि कम्ती गजबको थिए । त्यसबेला घाँस, दाउरा गर्दा पनि गाउँका वन जंगल मासिएका थिए । वनजंगल मासिदा पानीका मुल सुकेका थिए । वन जोगाउनपर्छ भन्ने सरकारको भन्दा पहिला शिक्षा घण्टप्रसाद अर्यालमा थियो । सरकारले पछि अभियान ल्यायो । तर उहाँको योगदान सम्झिन लायक छ । मदनपोखरा नजिकैको वनलाई जोगाउने अभियान सुरु भयो । त्यसपछि पानीका मुल पुनः सर्सिए । तरकारी खेती सुरु भयो । अझ शिक्षा र खानेपानीको अवस्था कसरी सुधारियो भन्ने विषयमा उहाँले निकै चासोका साथ सुनाउनुभयो । शारदा मावि स्थापनाका विषयमा उहाँका कुरा सम्झिन लायक नै थियो । गाउँमा सबैले पढ्नुपर्छ भन्ने चेतना उहाँले जगाउनुभयो ।

आफूले पर्वततिर पुगेर केही संस्कृत ज्ञान हासिल गरे पनि अरुलाई गाउँमै शिक्षा दिलाउनपर्छ भन्ने भावना थियो । गाउँको विकास केवल सरकारको जिम्मेवारी होइन, स्थानीय मानिस आफैँ पनि सक्रिय हुनुपर्छ भन्ने उहाँको सोंच कुराकानीबाट प्रस्ट देखिन्थ्यो । सबै जनालाई एकजुट बनाएर सामाजिक काममा लगाउने सक्ने क्षमता थियो ।

घण्टप्रसाद अर्यालको चर्चा विकास निर्माणमा मात्र सीमित थिएन । उहाँको जीवन राजनीतिक संघर्षसँग पनि गहिरोसँग जोडिएको थियो । हलो जोत्ने अभियानको प्रसंग उठ्दा उहाँको जीवनको अर्को पाटो खुल्थ्यो । त्यसबेला गाउँमा हलो जोत्नुलाई सामान्य कृषि कर्मका रूपमा मात्र हेरिँदैनथ्यो । जातका आधारमा कामको विभाजन गर्ने सामाजिक मान्यता बलियो थियो । त्यही मान्यतालाई चुनौती दिँदै अर्यालले हलो जोत्न थालेका थिए । त्यसको सामाजिक मूल्य पनि उनले चुकाउनुपरेको थियो । साहु, महाजन, मुखिया, जिम्मालहरुले दुःख दिएको प्रसंग कोट्याउनुभयो । प्रहरीमा उजुरी दिएर जेल नै पठाएको कुरा सुनाउनुभयो ।

उहाँका आफन्त सोमन्तनाथ अर्यालसँग केही दिनअघि भएको कुराकानीमा पनि यही प्रसंग अझ स्पष्ट भयो । उहाँका अनुसार घण्टप्रसादले 'आफ्नो काम आफैँ गर्नुपर्छ' भन्ने मान्यता राख्नुहुन्थ्यो । तल्लो जातिले मात्र हलो जोत्नुपर्छ भन्ने सोंचको विरोध गर्दै उहाँले श्रमको सम्मान गर्नुपर्छ भन्ने अभियानलाई व्यवहारमै अघि बढाउनुभएको थियो । हलो जोतेकै कारण परिवारले समेत सामाजिक कठिनाइ भोग्नुपरेको र उहाँ पटक-पटक जेलसमेत गएको प्रसंग सोमनाथ अर्यालले‌समेत सुनाउनुभयो ।

करिब २६ वर्षअघि उहाँसँग बसेर कुराकानी गर्दा मैले उहाँको राजनीतिक जीवनका अनेक प्रसंग पनि सुनेको थिएँ । राणा शासनविरुद्धको आन्दोलनदेखि प्रजातान्त्रिक आन्दोलनसम्म उहाँ सक्रिय रहनुभएको कुरा त्यसबेला उहाँले सुनाउनुभएको थियो । केही समय नेपाली कांग्रेससँग आबद्ध भएर राजनीतिक यात्रा सुरु गर्नुभएको उहाँ पछि कम्युनिस्ट आन्दोलनतर्फ लाग्नुभएको प्रसंग पनि उहाँको राजनीतिक जीवनको महत्वपूर्ण मोड थियो । यो कुरालाई सोमनाथ अर्यालले पनि पुष्टि गर्नुभयो । तर उहाँले आफूले पनि सुनेको भन्नुभयो । उहाँको जीवनमा राजनीति सत्ता प्राप्त गर्ने माध्यमभन्दा पनि सामाजिक परिवर्तनको साधनजस्तो देखिन्थ्यो । गाउँको शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि र सामाजिक चेतनासँग उहाँले राजनीतिलाई जोडेर हेर्नुभएको थियो । मदनपोखरा त्यसै नमूना भएको होइन भन्ने उदाहरण घण्टप्रसाद अर्याल नै हुनुहुन्छ । त्यहाँका मिहिनेती समाजले अर्याललाई साथ दियो । अनि बल्ल नमूना बन्यो ।

घण्टप्रसादसँगको त्यो पुरानो भेट सम्झँदा मलाई उहाँको एउटा विशेषता बारम्बार सम्झना आउँछ-उहाँ केवल राजनीतिक कार्यकर्ता हुनुहुन्नथ्यो । उहाँ गाउँको सामान्य जीवनसँग जोडिएर सोंच्ने व्यक्ति हुनुहुन्थ्यो । गाउँमा पानी कसरी ल्याउने, किसानलाई आधुनिक कृषि प्रविधिसँग कसरी जोड्ने, विद्यालय कसरी बनाउने र समुदायलाई कसरी संगठित गर्ने भन्ने विषयमा उहाँको आफ्नै धारणा थियो । आफूले नपढे पनि सबैलाई चेतना दिनुहुन्थ्यो । सबैलाई एकजुट बनाएर सामाजिक काममा लगाउने क्षमता थियो । जसले गर्दा उहाँको योगदान स्मरणीय छ ।

त्यतिबेला मदनपोखरामा रेडियो र टेलिभिजनजस्ता सञ्चारका साधन विस्तार उहाँले नै गर्नु भएको थियो । बाहिर नयाँ प्रविधि विकसित हुँदै गर्दा आफैँले गाउँमा भित्र्याउने गर्नुहुन्थ्यो । स्थानीयवासीका सम्झनाअनुसार घण्टप्रसाद आफैँ नयाँ कुरा प्रयोग गर्ने र अरूलाई पनि त्यसतर्फ प्रेरित गर्ने स्वभावका हुनुहुन्थ्यो । नाताले नजिककै भाइ हुनुहुन्छ, सोमनाथ अर्याल । अहिले तानसेन नगरपालिका वडा नम्बर ८ को वडाध्यक्ष हुनुहुन्छ । उहाँको सम्झनामा ग्यास चुलो, गोबर ग्यासलगायतका प्रविधि प्रयोग गर्न उहाँले स्थानीयलाई प्रोत्साहित गर्नुभएको थियो । पहिला आफूले प्रयोग गर्ने र अरुलाई पनि नयाँ प्रविधिसँग जोडिन आग्रह गर्ने उहाँको स्वभाव थियो ।

उहाँसँगको मेरो त्यो भेट एउटा सामान्य पत्रकार-स्रोत भेटघाट मात्र थिएन भन्दा हुन्छ । त्यो भेटमा मैले एउटा गाउँको परिवर्तनको कथा सुनिरहेको थिएँ । त्यो कथा घण्टप्रसाद अर्यालको व्यक्तिगत जीवनसँग मात्र जोडिएको थिएन, मदनपोखराको सामाजिक रूपान्तरणसँग पनि जोडिएको थियो ।

पछि उहाँका भाइ सोमनाथ अर्याल, वडा सदस्य दिलबहादुर थापा क्षेत्री, तानसेन नगरपालिका-९ का वडाध्यक्ष राजेशकुमार अर्याललगायतसँग कुराकानी गर्दा मैले घण्टप्रसादको जीवनका थप पाटा बुझ्ने अवसर पाएँ । उहाँको राजनीतिक संघर्ष, सामाजिक अभियान, शिक्षा र विकासमा गरेको योगदानबारे गाउँका पाकापुस्ताको अनुभवले मैले वर्षौंअघि उहाँसँग गरेको कुराकानीलाई अझ अर्थपूर्ण बनाइदिएको छ ।


घण्टप्रसाद अर्याल

घण्टप्रसाद अर्यालले जीवनको लामो समय सामाजिक र राजनीतिक परिवर्तनका लागि बिताउनुभएको यथार्थ कसैले लुकाएर लुक्दैन । उहाँले राणा शासनविरुद्धको आन्दोलनदेखि पछिल्ला राजनीतिक परिवर्तनसम्मका अनेक चरण देख्नुभयो । राजनीतिक विचारका कारण जेल जीवनसमेत बिताउनुभयो । तर कठिन परिस्थितिमा पनि सामाजिक परिवर्तनको आफ्नो यात्राबाट उहाँ विचलित हुनुभएन । त्यसैले सम्झनामा जहिलेसुकै घण्टप्रसाद अर्याल रहनुहुनेछ ।

उहाँ बाँचुञ्जेल सरकार र गैरसरकारी क्षेत्रबाट पनि उहाँको योगदानको सम्मान नभएको भने होइन । तत्कालीन प्रदेश ५ सरकारले समाजसेवाको क्षेत्रमा विशिष्ट योगदान गरेको भन्दै उहाँलाई 'समाजसेवा श्री पदक तृतीय' प्रदान गरेको थियो । वन, वातावरण, शिक्षा र स्वास्थ्यलगायतका क्षेत्रमा उहाँले गरेको योगदानको समेत सम्मान गरिएको थियो ।

आज उहाँको पार्थिव शरीर हामीबिच रहेन । ९९ वर्षको उमेरमा उहाँको निधन भएको खबरले करिब २६ वर्षअघिको त्यो मदनपोखरा यात्रा र उहाँसँगको भेट फेरि स्मृतिमा फर्किएको छ । त्यतिबेला उहाँसँग बसेर सुनेका कुरा अहिले सम्झँदा उहाँको जीवन केवल एउटा व्यक्तिको जीवनकथा रहेनछ भन्ने लाग्छ ।

उहाँको जीवनमा राजनीति थियो, संघर्ष थियो, जेल थियो, सामाजिक विभेदविरुद्धको अभियान थियो । तर त्यसभन्दा माथि एउटा गाउँलाई बदल्ने दृढ इच्छाशक्ति थियो । हलो जोत्नेदेखि विद्यालय स्थापना, आधुनिक कृषि, सामुदायिक वन, खानेपानी, स्वास्थ्य र पूर्वाधार विकाससम्म उहाँले आफ्नो समय र श्रम खर्चिनुभएको इतिहास साक्षी छन् । उहाँको योगदानलाई स्मरण गर्दा अझ धेरै पाटो छुटेको छ । लुकेको छ । म पूर्णरुपमा लेख्न सकेको छैन ।

घण्टप्रसाद अर्यालको निधनसँगै पाल्पाले एउटा पुस्ताको साक्षी गुमाएको छ । उहाँले भोगेको राजनीतिक संघर्ष र सामाजिक परिवर्तनको यात्रा अब नयाँ पुस्ताले खोज्नुपर्ने विषय बनेको छ । करिब २६ वर्षअघि पत्रकारिताको सिलसिलामा उहाँसँग भएको मेरो त्यो भेट आज सम्झदा झनै अर्थपूर्ण लाग्छ । त्यो दिन म एउटा समाचार खोज्दै मदनपोखरा पुगेको थिएँ । तर फर्किँदा एउटा व्यक्तिको कथा मात्र होइन, एउटा गाउँको परिवर्तनको कथा बोकेर फर्किएको रहेछु भन्ने अहिले पनि स्मरणमा रहेको छ । घण्टप्रसाद अर्यालको जीवनले यही कुरा सम्झाउँछ–परिवर्तन भाषणबाट मात्र आउँदैन । त्यसका लागि आफैँ जोखिम लिनुपर्छ, श्रम गर्नुपर्छ र समाजमा स्थापित गलत मान्यतामाथि प्रश्न उठाउनुपर्छ । उहाँले आफ्नो जीवनबाट त्यही कुरा देखाएर जानुभएको छ । त्यसका लागि मैले मात्र होइन, सबैले सम्झने इतिहास बनाउनु भएको छ ।

अर्को पाटो भनेको राजनीतिक जीवन पनि थियो । घण्टप्रसाद अर्यालको राजनीतिक जीवन सामाजिक परिवर्तनसँग जोडिएको थियो । उहाँ २००५ सालदेखि नेपाली कांग्रेससँग आबद्ध भएर राजनीतिक गतिविधिमा सक्रिय हुनुभएको र २००७ सालको जनक्रान्तिमा पाल्पाबाट सक्रिय भूमिका निर्वाह गर्नुभएको आफैँले दिएको अन्तर्वार्तामा पनि उल्लेख छ । प्रजातन्त्र स्थापनापछि वैचारिक मतभेदका कारण कांग्रेस छाडेर २००८ सालमा नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गर्नुभएको थियो । त्यसपछि विभिन्न राजनीतिक आन्दोलनमा सक्रिय रहँदै उहाँ पटक-पटक जेलसमेत पर्नुभएको थियो । २०१८ सालमा गाउँस्तरको निर्वाचनबाट प्रधानपञ्च निर्वाचित भई स्थानीय नेतृत्वमा समेत सक्रिय हुनुभयो । पुनः २०२१ सालमा प्रधानपञ्च हुनुभयो । यसरी घण्टप्रसाद अर्यालको राजनीतिक संघर्ष र सामाजिक अभियान एकअर्कासँग जोडिएका थिए । उहाँको जीवन राजनीतिक परिवर्तनसँगै सामाजिक चेतना र गाउँको विकासका लागि समर्पित संघर्षको इतिहासका रूपमा देखिन्छ । त्यसैले घण्टप्रसाद अर्याललाई सम्झनु भनेको केवल एउटा व्यक्तिलाई सम्झनु होइन; पाल्पाको सामाजिक जागरण, राजनीतिक संघर्ष र मदनपोखराको परिवर्तनको एउटा महत्वपूर्ण अध्यायलाई सम्झनु पनि हो ।

(लेखक अर्याल पाल्पामा पत्रकारितामा क्रियाशील छन् ।)

# सेयर बजारमा सामान्य गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य गिरावट आएको छ । साताको तेस्रो दिन नेप्से परिसूचक ०.२६ अङ्कले घटेर २६२२.२२ विन्दुमा बन्द भएको छ ।

दिनभरिमा ३४६ वटा कम्पनीका ४२ हजार ७०९ पटकको कारोबारमार्फत् कुल ९५ लाख ८ हजार ८८२ कित्ता सेयरकिनबेच भएका छन् ।

यसबाट कुल ३ अर्ब २९ करोड ८० लाख १९ हजार ५७१ रुपैयाँ बराबरको कारोबार भएको छ । बजारमा ११० वटा कम्पनीको सेयरमूल्य बढेको छ भने १५० वटाको घटेको छ । १८ वटा कम्पनीको मूल्य भने स्थिर रहेको छ ।

कारोबार रकमका आधारमा साहस ऊर्जा लिमिटेड अग्रस्थानमा रहेको छ । जसको १७ करोड ५२ लाख रुपैयाँभन्दा बढीको सेयरकारोबार भएको छ । त्यसैगरी सोलु हाइड्रोको १६ करोड ८८ लाख रुपैयाँ, रिलायन्स स्पिनिङ मिल लिमिटेडको १५ करोड ५५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

# अनारका फाइदै फाइदा

शरीरलाई स्वास्थ्य राख्नका लागि फलफूल खानु लाभदायक हुन्छ । त्यसमध्ये महत्त्वपूर्ण फलफूलमा पर्छ अनार । अनार जुनै समयमा पनि पाइने फल हो । यो बच्चादेखि वृद्ध युवा सबैलाई मनपर्ने फल हो ।

अनारको नियमित सेवनले शरीरमा रगतको कमी हुन दिँदैन । अनारमा प्रोटिन, कार्बोहाइड्रेड, फाइबर, भिटामिन र खनिज लयागतका तत्त्वहरु पाइन्छ ।

अनारमा अन्य फलफूलमा भन्दा पनि लाभदायक तत्त्वहरु छन् । साथै अनारमा भिटामिन ए, सी, ई र अन्य भिटामिन पनि पाइन्छ । अनार मुटुका रोगीका लागि निकै लाभदायी हुन्छ ।

नियमित अनारको जुस पिउँदा तन्दुरुस्ती प्राप्त हुनुका साथै रक्त सञ्चालन प्रक्रियालाई फाइदा पुग्छ । अनारको सेवन यौन समस्या लगायतका समस्या कम गर्नमा समेत महत्वपूर्ण मानिन्छ ।

**अनार खानुका फाइदा**

- अनारको सेवनले शरीरमा रगतको मात्रामा कमी हुँदैन ।
- अनारको सेवनले पुरुषमा हुने प्रोस्टेट क्यान्सरको खतराबाट बचाउँछ ।
- दैनिक अनारको सेवनले रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गराउँछ ।



- झाडा पखाला लागेमा ताजा अनारको सेवनले बिरामीलाई चाँडो सहज महसुस हुन्छ ।
- अनारमा भएको पानीको मात्राले मिर्गौलालाई सफा राख्न मद्दत गर्छ ।
- दैनिक रुपमा अनार खाँदा उच्च रक्तचाप हुने समस्या कम हुँदै जान्छ ।
- अनारमा आइरनको मात्रा हुने भएकोले यसले रक्तअल्पताको समस्या कम गर्छ ।
- अनारको सेवनले छाला चम्किलो र आकर्षक हुन्छ ।
- अनारको सेवनले आँखा चम्किलो बनाउँछ ।
- दैनिक रुपमा गर्भवतीले अनारको जुस वा अनार नै सेवन गरे बच्चा र आमा दुवैको स्वस्थ्य राम्रो हुन्छ ।
- पाचन प्रणालीमा हुने समस्यालाई कम गराउन अनारको सेवन लाभदायक मानिन्छ ।
- वृद्धवृद्धाहरुले अनार खाँदा अल्जाइमर अर्थात् बिर्सने रोगबाट बच्न सकिन्छ ।
- अनारले दम, पायल्सलगायतका रोगबाट छुटकारा दिलाउन मद्दत गर्छ ।
- अनारको नियमित सेवनले यौनशक्ति बढाउन समेत गद्दत गर्छ ।
- अनार सेवनले शरीरमा भएको खराब कोलेष्ट्रोललाई घटाउन मद्दत गर्छ ।
- अनारको सेवन गरिरहने मानिसमा फोक्सोको क्यान्सर र स्तन क्यान्सर हुने सम्भावना हुँदैन ।

# देश विदेश डाक्टर पठाउँदै जुम्ला



**शुरबहादुर सिंह**
*कर्णाली*

कर्णाली भन्ने बित्तिकै धेरैको दिमागमा विकट, अभाव, गरिबी, भोकमरी, अशिक्षा र रोगले ग्रसित क्षेत्र भन्ने मात्र आउँछ। कठिन, असहज र दुःख भोग्ने थलोको रुपमा बुझाउँछ। आज पनि कर्णालीप्रति हेर्ने अधिकांशको नजर सकारात्मक देखिदैन। त्यसमा अझ माथिल्लो कर्णाली भनेपछि धेरैले नाक खुम्च्याउने गर्दछन् । यद्यपि, कर्णालीको विगत अपेक्षा गरेभन्दा बढी फेरिएको छ।

विगतमा जिल्ला अस्पताल हुँदा एकजना डाक्टर हुन्थे, जो धेरै समय जुम्लामा बस्दैनथे। स्नातक तहको सिकारु एक जना डाक्टर पाउँदा पनि जुम्लाले हिमाली जिल्लामा आफूलाई भाग्यमानी ठान्थ्यो। त्यही सिकारु डाक्टर पाउन तड्पिने जुम्लाले भने अहिले १० जनाभन्दा बढी विशेषज्ञ डाक्टर उत्पादन गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाइसकेको छ। एउटा डाक्टर पाउन केन्द्रलाई गुहार्दा थाक्ने जुम्लाले विशेषज्ञ डाक्टर उत्पादन गरेको छ भन्ने कुराको विश्वास धेरैलाई नलाग्न सक्दछ।

स्वास्थ्य क्षेत्रमा जुम्लाले गरेको अभूतपूर्व सफलता पश्चिम नेपालको एउटा कोसेढुङ्गा नै सावित हुन्छ। पछिल्लो समय यसले देश तथा विदेश सेवा दिने डाक्टरहरु उत्पादन गरिसकेको छ तर यहाँ डाक्टरी पढाइ होला भनेर यस अघि कोही कसैले सोचेकै थिएन किनकी यसलाई विकट भूगोल, पूर्वाधारविहीन क्षेत्र, अशिक्षा, स्रोतको अभाव, गरिबी र चेतना तथा आर्थिक दृष्टिले कमजोर ठानिन्थ्यो।

जिल्ला अस्पतालबाट स्तरोन्नति भई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका रुपमा स्थापना भएपछि भने यहाँको स्वास्थ्य अवस्थामा धेरै परिवर्तन भएको छ। प्रतिष्ठानले उपचार सेवा मात्र दिएको छैन, यसले विश्वविद्यालयस्तरको चिकित्सा विषयमा अध्ययन अध्यापनका साथै अनुसन्धानको कार्यलाई त्यत्तिकै अगाडि बढाएको छ। २०७७ सालमा चिकित्सा क्षेत्रमा स्नातकोत्तर तहको पहिलो ब्याचको पढाई सुरु हुँदा डा.रहिस कोजु र प्रशंसा ताम्राकार (जिपइएम) मुन्ना केशरी र बेदकुमार चौधरी (पेडियाट्रिसियन) र ललितसिंह धामी (एनेस्थेसिया) गरी पाँच विशेषज्ञ डाक्टर उपाधि हाँसिल गरे । त्यसैगरी प्रतिष्ठानले दोस्रो ब्याचमा दुई जिपीइएम, एक पेडियाट्रिसियन, एक अर्थोपेडिक र एक एनेस्थेसिया गरी पाँच र तेस्रो ब्याचमा चार गरी १४ जना विशेषज्ञ डाक्टर उत्पादन गरेको प्रतिष्ठानका उपकुलपति प्राडा.सूर्यमान मेन्याङ्म्बोले जानकारी दिए।

उनका अनुसार दोस्रो ब्याचमा पास आउट हुनुभएका पेडियाट्रिसियन डा.अकिना सैंजु अष्ट्रेलियामा चिकित्सकीय सेवा दिइरहेकी छिन् । त्यस्तै, पेडियाट्रिक, जिपीइएम, अर्थोपेडिक, एनेस्थेसिया, सर्जरी र गाईनोक्लोजिष्ट विषयमा चौथो ब्याचमा चार, पाँचौ ब्याचमा नौ र छैटौं ब्याचमा दश गरी २३ विशेषज्ञ डाक्टरका लागि हाल उक्त प्रतिष्ठानमा अध्ययन भइरहेको उनले बताए।

**एमबीबीएस पहिलो ब्याच 'पास आउट'**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले पहिलो ब्याचका एमबीबीएस डाक्टर उत्पादन गरेको छ। प्रतिष्ठानको २०८३ असार ६ गते शुक्रबार प्रकाशित नतिजा अनुसार १८ विद्यार्थी अन्तिम नतिजामा उत्तीर्ण भए। प्रतिष्ठानमा अध्ययनरत पहिलो ब्याचका २० मध्ये १८ विद्यार्थी एमबिबिएस उत्तीर्ण गर्न सफल भएको बताइएको छ।

एमबीबीएस पहिलो ब्याच पुरा गरेकी सिराहकी नुरजाह खातुनले सुर्खेत भनेर बुझेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला रहेछ भन्ने त्यहाँ पुगेपछि मात्र थाहा पाएको बताइन्। उनले भनिन्-'हिमाली भूमि जुम्लाबाट डाक्टर बन्ने अवसर पाउँदा धेरै खुसी लागेको छ । तराईको मान्छे हिमाली जिल्ला जुम्लामा बसेर अध्ययन गर्नु सजिलो थिएन। सुरुमा गाह्रो भयो। अहिले त जुम्ला साँच्चिकैको सुन्दर लाग्छ जसले हामीलाई डाक्टर बन्ने सुवर्ण अवसर प्रदान गर्‍यो।'

रुपन्देही बुटबलका समीरराज जोशीले पनि एमबीबीएस अध्ययन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाटै पूरा गरेका छन् । प्रतिष्ठानको पहिलो व्याचका जोशीले भने-'कर्णाली आएर अध्ययन गर्न पाउनु हाम्रा लागि ऐतिहासिक अवसर हो । पूर्वाधार र सडकको अझै अभाव भएकाले राज्यले प्राथमिकता दियो भने जुम्ला भविश्यमा स्वास्थ्य पर्यटनको 'हब' नै बन्नसक्छ।'

नुरजाह र समीर जस्तै एमबीबीएस पहिलो ब्याचको अध्ययन सम्पन्न गरेका बैतडीका हेमलता चन्दले इच्छाशक्तिका अगाडि विकटता र समस्या गौण बन्दारहेछन् भन्ने कुरा प्रतिष्ठानमा पढ्दै गर्दा बोध भएको बताइन्। आफ्नो एमबीबीएस पढ्ने सपना पूरा भएकोप्रति खुसी व्यक्त गर्दै चन्दले भनिन्-'सुरुमा जुम्ला प्रवेश गर्दा कतै आफूले देखेको सपना तुहिने हो कि भन्ने त्रास थियो। विस्तारै दोस्रो, तेस्रो ब्याच थपिँदै गयो । सङ्कायको पनि साथ सहयोग अति राम्रो तरिकाले पाइयो । साँच्चै भन्नुपर्दा जुम्ला हाम्रो 'करियर'को जग बनेको छ।'

प्रतिष्ठानका उपकुलपति प्राडा मेन्याङ्म्बोका अनुसार पहिलो ब्याचमा १८ जना उत्पादन हुनु कर्णाली र राज्यका लागि खुसीको सन्देश भएको छ । उनले हिमाली क्षेत्रको जुम्लामा स्थापित प्रतिष्ठानले देश तथा विदेशलाई डाक्टर जनशक्ति दिन सुरु गर्नु ऐतिहासिक उपलब्धि भएको जनाए । उनका अनुसार कर्णालीमा उत्पादन भएका एमबीबीएस डाक्टरहरुले केही महिना जुम्लामा व्यावहारिक अभ्यास (इन्टर्नशीप) गर्नेछन्। एक वर्षको इन्टर्नशीपपछि नेपाल मेडिकल काउन्सिलको परीक्षा दिएर सफल भएपछि आधिकारिक डाक्टर बनेर चिकित्सकीय सेवामा लाग्ने उनले बताए । प्रतिष्ठानका अनुसार अहिले जुम्लामा डाक्टरी पढ्न भारतीय नागरिक पनि आउन थालेका छन्।

प्रतिष्ठानमा एमबीबीएस अध्यापनरत सहायक प्राध्यापक लोकजन सिंहले कर्णाली प्रतिष्ठानमा अब छैटौं ब्याच चलिरहेको जानकारी दिए। उनका अनुसार पहिलो ब्याचमा २० जना, दोस्रो र तेस्रो ३०/३० जना, चौथो, पाँचौ र छैटौं ब्याजमा ५०/५० जनाका दरले गरी २३० जना एमबीबीएस डाक्टर अध्ययन गरिरहेका छन् । २०७८ मंसिर २६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले जुम्लामा एमबीबीएस कक्षाको औपचारिक उद्घाटन गरेकी थिइन् । उतिबेलादेखि आजसम्म प्रतिष्ठानले निरन्तर छैटो ब्याचसम्म पढाइ गरिरहेको छ । प्रतिष्ठानका उपकुलपति मेन्याङ्म्बोले आगामी वर्षमा एमबिबिएसको थप कोटाका लागि सरकारसँग माग गरिने बताए।

प्रतिष्ठानले एमबीबीएस डाक्टर उत्पादन गर्न थालेपछि यहाँका नागरिक तथा सरोकारवालाहरुले पनि खुसी व्यक्त गरेका छन्। कर्णाली स्वास्थ्य स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका संस्थापक तथा पहलकर्ता संविधानसभा सदस्य नरेश भण्डारीले हिजो सामान्य स्वास्थ्यकर्मी नपाउने जुम्लाले एउटा अत्यासलाग्दो कालखण्ड पार गरेर आज विशेषज्ञ डाक्टर उत्पादन गरी देश तथा विदेश निर्यात गर्ने सक्षमता राख्ने विषय चानचुने नभएको बताए । उनले भने-'संसारमा असम्भव भन्ने कुनै चिज छैन । इच्छाशक्तिका अगाडि जस्तासुकै चुनौतीका पहाडहरु मैदानमा परिणत हुन सक्छन् । नेपालको सन्दर्भमा मानव विकास सूचाङ्क बदल्न पछिल्लो समयमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको ठूलो योगदान रहेको छ। यद्यपि यो संरचना निर्माण हुने र यसले मुलुकलाई नै चिकित्सकीय सेवा दिने जनशक्ति उत्पादन गर्ला भन्ने कुरा सम्भव ठानिएको थिएन, जुन आज सम्भव भएको छ।'

नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले स्वास्थ्य क्षेत्रको विकासमा मात्र नभई कर्णालीको आर्थिक तथा सामाजिक रुपान्तरणमा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताए। 'हिजो उपचारका लागि लाखौं खर्च गर्नुपर्थ्यो। आज यहीं उपचार सम्भव भएको छ। उतिबेला एक जना मेडिकल अधिकृतका लागि सरकारसँग हारगुहार गर्नुपर्ने बाध्यता भोगेको जुम्लाले आज आफै विशेषज्ञ डाक्टर उत्पादन गरेको छ', उनले भने-प्रतिष्ठानमा स्कुल अफ मेडिसिन, स्कुल अफ नर्सिङ र स्कुल अफ पब्लिक हेल्थ तीन वटा विधामा अध्ययन हुने गर्दछ। स्कुल अफ मेडिसिनमा एमबिबिएस र बि-फर्मा इन क्लिनिकल फार्मेसी पढाई भइरहेको छ। नर्सिङमा मिडवाफ्री स्नातक र बिएन समेत अध्ययन भइरहेको छ। यसैगरी स्नातकोत्तर तहका विभिन्न विषय पढाइ भइरहेको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा डाक्टर पढ्न छिमेकी देश भारतबाट पनि आठ विद्यार्थी एमबीबीएस अध्ययन गरिरहेका छन् । एमबीबीएस चौथो ब्याचमा उत्तराखण्ड, मध्यप्रदेश र जम्मु काश्मीरबाट एक/एक जना अध्ययन गरिरहेका छन्। त्यस्तै, छैटौं ब्याचमा पाँच भारतीय विद्यार्थीहरु एमबीबीएस डाक्टर अध्ययन गरिरहेका छन् । ब्याचलर इन क्लिनिकल फार्मेसीको धपहिलो ब्याज ११ जना पास आउट भइसकेका छन् । दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं ब्याजमा क्रमशः १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेका छन् । त्यस्तै, ब्याचलर अफ मिडवाईफेरी साइन्समा पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याजका ६, ९ ७, ८ गरी ३० जना विद्यार्थी पास अउट भएका छन् भने पाँचौमा पाँच र छैटौंमा एक जना विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ।

ब्याचलर अफ नर्सिङ साइन्समा पहिलो ब्याजमा सात र दोस्रो ब्याजमा १५ जना पास आउट भएका छन्। तेस्रो, चौथो, पाँचौ र छैटौं ब्याजमा क्रमशः १२, १४, १३, १३ गरी ५२ जना अध्ययनरत छन् । बीएस्सी नर्सिङमा पहिलो, दोस्रो र तेस्रो ब्याजमा क्रमशः २०, १९, २० गरी ५९ जना अध्ययन गरिरहेका छन्।

स्कुल अफ पब्लिक हेल्थको स्नातकोत्तर तहको पहिलो ब्याचमा पाँच जना पास आउट र दोस्रो र तेस्रो ब्याजमा पाँच/पाँच जना अध्ययनरत छन्। स्नातक तहको पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याचमा क्रमशः २०, १८, ८, ११ गरी ५७ जना पास आउट भएका छन् भने पाँचौ, छैटौं, सातौं र आठौं ब्याचमा १३, १४, १५, १५ गरी ५७ जना अध्ययनरत छन्।

स्कूल अफ फार्मेसीअन्तरगत स्नातकोत्तर तहको पहिलो ब्याचमा दुई जना पास आउट र दोस्रो ब्याचमा एक जना अध्ययनरत छन् । ब्याचलर इन क्लिनिकल फार्मेसीको पहिलो ब्याचमा ११ जना पास आउट भएका छन्। दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौं ब्याचमा क्रमशः १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेको प्रतिष्ठानले जनाएको छ।

# बिरुवामा ९८ प्रतिशत योजना निर्माण



स्याङ्जा। स्याङ्जाको बिरुवा गाउँपालिकाले गाउँ सभाबाट प्रश्तावत गरेमध्ये झण्डै ९८ प्रतिशत योजना निर्माण गरेको छ। गत आर्थिक वर्ष २०८२/८३ मा गाउँपालिकाले प्रश्ताव गरेका २३४ योजनामध्ये ९७ दशमलब ८६ प्रतिशत अर्थात २२९ वटा योजना निर्माण सम्पन्न गरेको हो।

गाउँपालिकाले गएको आर्थिक वर्षमा साना योजनामा २०२, मझौला विकासे कार्यक्रममा १६ र ठूला पूर्वाधार विकासतर्फ १६ वटा योजना प्रश्ताव गरेको थियो । प्रस्तावित २३४ योजनामध्ये साना २०२ र मझौला विकास कार्यक्रमका १६ गरी २१८ शतप्रतिशत योजना निर्माण भएको छ। ठूला पूर्वाधार विकासतर्फका ११ वटा निर्माण भएका छन् भने ५ वटा निर्माणाधिन अवस्थामा रहेका छन्।

ठूला पूर्वाधार विकासतर्फको एक करोड २९ लाख रुपैयाँ लागतको सामुदायिक विद्यालय डिजिटल बोर्ड तथा विज्ञान प्रयोगशाला निर्माण भएको गाउँपालिकाले जनाएको छ । ८६ लाख लागतको भुवन-चिन्नेबास-थुम्की सडक, ५० लाख रुपैयाँको जलवायु नमुना कार्यक्रम सम्पन्न भएको छ भने ३० लाखको बिरुवा-खालि सडक स्तरोन्नति, २५ लाखको सिंखरसिङ्-दह सडक, २५ लाखको मेथाभुरुङ् बजार ढल निकास र २५ लाखको लागतमा नारायणेश्वर-शिव मन्दिर धर्मशाला निर्माण भएको गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुँवरले जानकारी दिए।

त्यस्तै ललाङ्- तर्ले- कुसुमभञ्ज्याङ सडक सुधार आयोजना एक करोड ७५ लाख रुपैयाँ लागतको योजना निर्माणाधिन अवस्थामा रहेको छ । वडा नं.-३ को वडाभवन ३० लाख, धन्सार-मालखेत सिँचाइ कुलो निर्माण २५ लाख रुपैयाँ लागतको योजना निर्माणाधिन अवस्थामा रहेको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका अनुसार निर्माणाधिन अवस्थाका योजनाहरु १० देखि ७० प्रतिशतसम्म निर्माण सकिएको छ।

५ लाख रुपैयाँका साना र १० लाखसम्म लागतका मझौला विकास निर्माणतर्फ धोबादी-राङभाङ, शेरा-सालडाँडा-घोप्टे, बेघारी- सपौदे, मालमुल-मोचाबारी, धरादी-आमडाँडालगायतका सडक आयोजनाको स्तरोन्नति गरिएको छ भने सामुदायिक स्वास्थ्य भवन, कृषिउपज संकलन केन्द्र, खेलमैदान, जातिय संग्राहलयसँगै खानेपानी र सिँचाइका योजनाहरु शतप्रतिशत निर्माण सकिएको गाउँपालिकाका प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले जनाए।

संघीय सरकारबाट दिइने समपुरक र विशेष अनुदानतर्फका बजेट समयमै निकासी नभएकै कारण गाउँपालिकाले प्रस्ताविक कार्यक्रम शतप्रतिशत पूरा हुन नसकेको दाबी गरेको छ। समपुरक अनुदानको झण्डै दुई करोड रुपैयाँ ढिला गरी आउँदा उक्त शीर्षकको प्रस्तावित योजनाको भौतिक प्रगति झण्डै १० प्रतिशतमा सीमित भएको गाउँपालिकाले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाले चालु र पुँजीगत गरी ४८ करोड ६० लाख ५८ हजार रुपैयाँको बजेट व्यवस्थापन गरेको थियो। चालूतर्फ ३५ करोड ३२ लाख रुपैयाँ थियो भने पुँजीगततर्फ १३ करोड २८ लाख रुपैयाँ बजेट थियो। पुँजीगत खर्चलाई भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, विपद् व्यवस्थापन र संस्थागत विकास र सेवा प्रवाहलाई प्राथमिकता दिएर काम गरेको गाउँपालिकाले जनाएको छ।

**टीओबीका ...**

नेता बादलले नेपालको लोकतान्त्रिक इतिहासकै सर्वाधिक कठिन समय आएको उल्लेख गर्दै अहिलेको शासन सत्तालाई बालेन्द्रतन्त्र को संज्ञा दिए। उनले भने-'२०१७ सालमा महेन्द्रतन्त्र र २०६१ सालमा ज्ञानेन्द्रतन्त्र आएजस्तै अहिले मुलुकमा बालेन्द्रतन्त्र स्थापित भएको छ।'

प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकार अधिनायकवादतिर उन्मुख भएको र यसले लोकतन्त्रलाई संकटमा पारेको उनको आरोप छ।

नेता बादलले नेपालको राष्ट्रियतामाथि विभिन्न कोणबाट प्रहार भइरहेको बताए। विशेष गरी गत जेठ १७ गते प्रतिनिधिसभामा प्रधानमन्त्रीले दिएको जवाफप्रति उनले आपत्ति जनाए। 'त्यस दिन सदनमा प्रधानमन्त्रीले अस्वाभाविक र राष्ट्र विरोधी अभिव्यक्ति दिनुभयो,' बादलले भने-'नेपालले पनि भारतको भूमि मिचेको छ भन्नु गैरजिम्मेवारपनको पराकाष्ठा हो।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको आन्तरिक सत्ता संघर्षले राष्ट्रिय सुरक्षामा चिन्ता बढाएको बताउँदै बादलले भू-राजनीतिक चलखेलको आशंका व्यक्त गरे। रास्वपा सभापति रवि लामिछानेको भारत भ्रमण र प्रधानमन्त्री बालेनको संसदमा आकस्मिक आगमनबिच सम्बन्ध रहेको उनको दाबी छ।

'एकतिर भारतमा रास्वपा सभापतिले भव्य स्वागत पाउनु र अर्कोतिर नेपालमा प्रधानमन्त्रीले आफ्नै भूमि मिचिएको स्विकार्नु रहस्यमय छ,' उनले प्रश्न गरे-'कतै नेपाल सिक्किमीकरणको प्रक्रियामा त छैन ? यसले गम्भीर संशय पैदा गरेको छ।'

नेता बादलले सरकारका क्रियाकलापहरूले राष्ट्रिय अखण्डता र सार्वभौमसत्तामाथि प्रश्न उठाएको भन्दै यसतर्फ सबैलाई सचेत रहन आग्रह गरे। बादलले रास्वपा सभापति रवि लामिछानेलाई प्रधानमन्त्रीसहित सरकारको पुनर्गठन गर्न आग्रह गरेका छन्।

प्रतिनिधिसभाको बैठकमा बोल्दै पार्टीको प्रमुख नेताको हैसियतले सरकार पुनर्गठन गर्नुपर्ने बताए।

प्रधानमन्त्री बालेन शाहको कार्यशैलीमा सुधार नआए र सभापति लामिछानेले पुनर्गठनको पहल नगरे आन्दोलनमा जाने चेतावनी दिए।

उनले भने-'राष्ट्रियता, राष्ट्रियता र जनजीविका पुनर्स्थापित गर्न छिट्टै चारैतिरबाट ७, ४७ र ६२ सालको भन्दा विशाल अकल्पनीय जनसुनामी आउनेछ । निश्चित आउनेछ।'


## आत्महत्या समस्याको समाधान होइनः

**आत्महत्याका प्रमुख कारणः**
- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

**रोकथामका लागिः**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं।
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**एक-अर्काको सहारा बनौ, आत्महत्या होइन समस्याको समाधान खोजौ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि प्रशासन कार्यालय, परासी**
**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

## भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस ) दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः- २०८३/०५/०४**

परशुराम चौधरीको बुहारी, तेजनारायण चौधरीको श्रीमती जिल्ला नवलपरासी, साविक रामनगर गा.वि.स. वडा नं. ३ हाल सुनवल न.पा. वडा नं. १३ बस्ने श्रीमती द्रोपति चौधरी र परसुराम चौधरीको नाति, विजय चौधरीको छोरा ऐ.ऐ. बस्ने उदय राज चौधरीले विष्णुदत्त चौधरीको बुहारी, परसुराम चौधरीको श्रीमती जिल्ला नवलपरासी, साविक रामनगर गा.वि.स. वडा नं. ३ हाल सुनवल नगरपालिका वडा नं. १३ बस्ने हाम्रो सासुआमा / हजुरआमा श्रीमती मेडिया चौधरीको मिति २०७७/०८/०५ गते आफ्नो कालगतिले मृत्यु भएको निजको मृत्यु पश्चात निजको नाउँमा दर्ता कायम रहेको जिल्ला नवलपरासी साविक रामनगर गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. २क/११९ कि.नं. १५ ज. वि. ०,०६३०.५० व.मि. जग्गाको नजिकको हकवालामा निज जग्गाधनीको श्रीमान आगे हाम्रो ससुरा बुवा / हजुरबुबा परसुराम चौधरीको पनि मिति २०५१ / १० /१५ गते मृत्यु भइसकेको र निज मृतक ज.ध. र निजको श्रीमान परसुराम चौधरीबाट जायजन्म भएको दुई भाई छोराहरु जेठो विजयराज चौधरी र कान्छो तेजनारायण चौधरी रहेकोमा विजयराज चौधरीको मिति २०८२ / १२ / १८ गते आफ्नो कालगतिले मृत्यु भएको र निजको मृत्यु पश्चात नजिकको हकवालामा एक मात्र श्रीमती मनोरमा चौधरी रहेकोमा निजले आजभन्दा २५ वर्ष पहिले नै दोस्रो विवाह गरी गएको र निजबाट सन्तानको रुपमा म एकमात्र छोरा उदयराज चौधरीको जायजन्म भएको हो। कान्छो छोरा तेजनारायण चौधरीको पनि मिति २०७०/०९/१२ गते आफ्नो कालगतिले मृत्यु भएको हो। निजको मृत्यु पश्चात निजको नजिकको हकवालामा म निजको एकमात्र श्रीमती द्रोपती चौधरी मात्र रहेको साथै मृतक ज.ध. जिवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने तथा ऋणधन व्यहोर्ने सम्पूर्ण काम हामी दुवैजनाले संयुक्त रुपमा नै गर्दै आइरहेको हुँदा उक्त जग्गा हामीहरुको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) परासीमा दिएको माग दावी निवेदन सम्बन्धमा निवेदक श्रीमती द्रोपति चौधरी र उदयराज चौधरी बाहेक मृतक जग्गाधनी श्रीमती मेडिया चौधरीको नजिकको नाता पर्ने कुनै छोरा छोरी लगायत अन्य कोही नजिकका हकवालाहरु भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) परासीमा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जानकारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।


## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



होलेरी कृषि हाटबजारमा बिक्रीका लागि राखिएको तरकारीः

रोल्पाको होलेरी कृषि हाटबजारमा बिक्रीका लागि राखिएका काउली, गोलभेडालगायत तरकारी। स्थानीय रुन्टिगढी गाउँपालिकाको सहयोगमा होलेरी बजारमा कृषि हाटबजार सञ्चालन भएपछि किसानलाई आफ्नो उत्पादन व्यापारीलाई बिक्री वितरण गर्न सहज भएको छ। तस्विरः रासस

# क्यान्सरसम्बन्धी उपचार सेवा सुरु



परासी। अर्थोपेडिक तथा स्पाइनसम्बन्धी समस्या र क्यान्सरका बिरामीलाई लक्षित गर्दै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध परासीमा सञ्चालनमा ल्याइएको छ।

अर्थोपेडिक तथा स्पाइनसम्बन्धी समस्या र क्यान्सरका बिरामीलाई लक्षित गर्दै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध परासी बजार मखनमोख साइडमा सञ्चालनमा ल्याइएको हो।

हात, खुट्टा, जोर्नी तथा हड्डीसँग सम्बन्धित समस्याको निदान, उपचार र शल्यक्रियासहित क्यान्सरसम्बन्धी शल्यक्रिया परासीमा नहुँदा चितवन र काठमाडौं बिरामीहरू जानुपर्ने अवस्था अझै महिनौ पालो कुर्ने अवस्था अन्त्य र झन्झटिलो थियो, तर परासीमा यो सेवा उपलब्ध भएपछि बिरामीहरू गुणस्तरीय सेवा यहाँ नै लिन पाएका छन्। बिरामीहरू आफ्नै गाउँ ठाउँमा यो सेवा अर्थोपेडिक विशेषज्ञ डा. विजया गुप्ताले दिन थालेपछि सहजता महसुस गरेका छन्।

अर्थोपेडिक तथा स्पाइनसम्बन्धी समस्या र क्यान्सरका बिरामीलाई गराउने उद्देश्यले अर्थोपेडिक स्पेसियालिटी क्लिनिक सञ्चालनमा ल्याइएको अर्थोपेडिक विशेषज्ञ डा.विजया गुप्ताले जानकारी दिए। क्लिनिकले बिरामीको आवश्यकताअनुसार विभिन्न प्रकारका अर्थोपेडिक उपचार तथा शल्यक्रिया गर्ने गरेको उनले बताए। हात, खुट्टा, जोर्नी तथा हड्डीसँग सम्बन्धित समस्याको निदान, उपचार र शल्यक्रियासहित क्यान्सरसम्बन्धी शल्यक्रिया तथा उपचार सेवा पनि उपलब्ध गराउँदै आएको उनले जानकारी दिए।

क्यान्सर अस्पतालमा फेलोसिप गरी क्यान्सरसम्बन्धी उपचार तथा शल्यक्रियामा थप अनुभव हासिल गरेको क्लिनिकले जनाएको छ।

क्लिनिकमा बिरामीको आवश्यकताअनुसार औषधि, अप्रेसन तथा फलोअप सेवा उपलब्ध गराइने बताइएको छ। आधुनिक स्वास्थ्य सेवा तथा उपचारको व्यवस्था गर्दै बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्नु क्लिनिकको मुख्य उद्देश्य रहेको जनाइएको छ।

क्लिनिकले आगामी दिनमा अर्थोपेडिक तथा स्पाइनसम्बन्धी समस्याको उपचारसँगै क्यान्सरसम्बन्धी विशेषज्ञ सेवा विस्तार गर्ने योजना समेत अघि सारेको जनाएको छ।

# दूध उत्पादकलाई प्रतिलिटर पाँच रुपैयाँ अनुदान



**प्रकाश डोटेल**
*स्याङ्जा*

भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय स्याङ्जाले दूध उत्पादक किसानलाई प्रतिलिटर पाँच रुपैयाँ अनुदान दिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा प्रतिलिटर पाँच रुपैयाँ अनुदान उपलब्ध गराएको कर्यालयले झण्डै १० लाख रुपैयाँ नगद अनुदान वितरण गरेको हो।

सरकारीमा आबद्ध भैंसी तथा गाईपालक किसानलाई उत्पादन र बिक्रीको तथ्यांकका आधारमा दूधमा अनुदान दिएको सेवा कार्यालयका प्रमुख डा.रुपेश श्रेष्ठले जानकारी दिए। झण्डै एक लाख ९६ हजार ८४६ लिटर दूध उत्पादन गरेका सहकारीका किसानलाई करिब १० लाख नगद अनुदान वितरण गरेको प्रमुख डा.श्रेष्ठले जानकारी दिए।

भीरकोट नगरपालिका-१ बयरघारीस्थित भीरकोट दुग्ध उत्पादक सहकारीलाई एक लाख २६ हजार २९ लिटर दूध उत्पादन गरेवापत ६ लाख ३० हजार १४५ रुपैयाँ र चापाकोट नगरपालिका-८ क्वामीको रत्नपुर साना किसान सहकारीलाई ७० हजार ८१७ लिटर दूध उत्पादनसँगै बिक्री गरेवापत तीन लाख ५४ हजार ८५ रुपैयाँ गरी ९ लाख ८४ हजार २३० रुपैयाँ अनुदान दिइएको छ।

कार्यालयले दूध उत्पादक किसानसहित पशु विकास प्रवर्द्धन, बाख्रा तथा भेडा, माछापालन र नश्ल सुधार कार्यक्रमका विभिन्न शीर्षकमा एक करोड २८ लाख ६७ हजार दुई सय रुपैयाँ अनुदान दिएको छ। वृहत्तर पशु विकास प्रवर्द्धनअन्तर्गत नयाँ खोर, तारबार, टाट्नो निर्माण, बोका खरिद र यान्त्रिकरण सहयोगमा कालीगण्डकी गाउँपालिका-१ र २ का कालीगण्डकी कृषि उद्यमी महिला सहकारी संस्थालाई ८ लाख ४६ हजार ७३९ रुपैयाँ अनुदान दिएको कार्यालयले जनाएको छ।

त्यस्तै भीरकोट नगरपालिका-२ को बलामडाँडास्थित शान्ती कृषि तथा पशुपंक्षी कृषक समूहलाई ८ लाख ११ हजार ३४ रुपैयाँ, बानेथोक देउराली बाख्रापालन समूहलाई ८ लाख ८८ हजार ९२४ रुपैयाँ, फेदीखोला गाउँपालिका-४ छेलो हाल्ने महिला कृषक समूहलाई ८ लाख ४२ हजार २३१ रुपैयाँ अनुदान दिएको कार्यालयका सूचना अधिकारी नरेन्द्रकुमार राईले बताए।

कालीगण्डकी कोरीडोर केन्द्रित पशुपंक्षी तथा मत्क्ष्य उत्पादन तथा प्रवर्द्धनमा गोठ तथा भकारो सुधारका लागि पकवादी कृषि सहकारी संस्थालाई १७ लाख ४० हजार ७३० रुपैयाँ र आमा बहुउद्देश्यीय सहकारी संस्थालाई १७ लाख ६२ हजार ४४१ रुपैयाँ नगद अनुदान दिइएको छ। त्यस्तै कार्यालयले व्यावसायिक ब्लक विकास कार्यक्रमअन्तर्गत हरिनास गाउँपालिका-४, ५, ६ र ७ को सूर्यमुखी बाख्रापालन कृषि समूहलाई २७ लाख ८७ हजार ३०२ रुपैयाँ नगद अनुदान दिएको छ।

उत्पादन र आवश्यकताका आधारमा अनुदान, कृषि ऋण र सहुलियत दिए पनि खासगरी उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण गर्न कार्यालयलाई किसानले आग्रह गरेका छन्। अनुदानको सट्टा बजारीकरणमा सहयोग गरे उत्पादनले दिगोपन, स्थायी र निरन्तरतासँगै रोजगारी सृजना गर्नेमा उनीहरुको विश्वास छ।

# शेयर कारोबारी अग्रवालको बैंक खाता रोक्का



बुटवल। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले सेयर कारोबारी दीपेन्द्र अग्रवालसहित परिवार सदस्य तथा कारोबारमा संलग्न केही साझेदारको बैंक खाता रोक्का गरेको छ। सीआइबीले अग्रवाललाई सेयर मूल्य कृत्रिम रूपमा बढाएको र झुटो कारोबार तथा मूल्य प्रभावित कसुरमा अनुसन्धान गर्दै आएको थियो। यसअघि नेपाल धितोपत्र बोर्डले अनुसन्धान गरेर कारबाही गर्ने प्रक्रिया अघि बढाएको थियो। सोही अनुसार सीआइबीले गत पुसमा पक्राउ गरी १० दिन हिरासतमा बसेका अग्रवाल हाजिरी जमानीमा रिहा भएका थिए।

सोही कसुरको अनुसन्धानका क्रममा उनी तथा उनले कारोबार गर्ने परिवार सदस्यको र अन्य साझेदारसँगको पनि खाता रोक्का गरिएको ब्यूरोका प्रवक्ता अनुपम शमशेर जबराले बताए।

'जारी अनुसन्धानका क्रममा दीपेन्द्र अग्रवालसँग कारोबारमा जोडिएका परिवार सदस्य तथा व्यक्तिहरूको बैंक खाता रोक्का गरिएको हो,' उनले भने-'ठगी, झुटा सेयर कारोबारलगायतका आरोपमा ब्यूरोले अनुसन्धान गरिरहेको छ।' अग्रवाललाई पहिले आफूले सस्तोमा सेयर खरिद गर्ने र पछि गलत प्रचारप्रचार गरी मूल्य बढाइ बिक्री गर्ने गरेको आरोप लाग्ने गरेको छ। बोर्डको अध्ययनले पनि अग्रवालले झुटा कारोबार गर्ने गरेको ठहर गर्दै ब्यूरोलाई थप अनुसन्धानका लागि पठाएको थियो। बैंक खाता रोक्का भएको जानकारीपछि अग्रवाल ब्यूरो पुगेका थिए। ब्यूरोले अग्रवाललाई अनुसन्धानमा सहयोग गर्न अनुरोध गरेपछि फिर्ता भएका थिए। ब्यूरोको अनुसन्धाले करिब ५५ अर्बको नेटवर्थ पत्ता लगाएपछि सम्पत्ति सुद्धीकरणको कसुरमा समेत अनुसन्धान भइरहेको ब्यूरो स्रोतले अनलाइनखबरलाई जानकारी दियो।

त्यस्तै अग्रवालले आपसी खरिद-बिक्री तथा आफन्त सम्बद्ध संस्थाबिच वास्तविक स्वामित्व नबदलिने गरी कारोबार गरेको समेत सीआईबीले जनाएको छ। अग्रवालले अन्य व्यक्तिका कारोबार खाता पनि आफै चलाउने र धितोपत्र ब्रोकरसँग लिनुपर्ने पैसा असुल गर्ने तर तिर्नुपर्ने पैसाका सन्दर्भमा अनेक लफडा गरेर भुक्तानी नदिने गरेका थिए। आफैले एक कारोबार खाताको पैसा अर्को व्यक्तिकोमा ट्रान्सफर गर्ने गरेको भन्दै बोर्डमा उजुरी परेको थियो।

पछिल्लो समयमा उनी सिन्धुपाल्चोकको भोटेकोशी हेली रिसोर्टमा प्रवेश गरेर विवादमा आएका छन्। हाल उक्त रिसोर्ट बन्द अवस्थामा छ भने बैंकले तेस्रो पटक लिलामी गर्ने क्रममा छ।

साथै रिसोर्टका कर्मचारीहरू पनि पारिश्रमिक नपाएपछि श्रम विभागमा उजुरी दिएका छन्। होटल भने पूर्णरुपमा अग्रवालको नियन्त्रणमा छ। तर, कम्पनी रजिष्ट्रारको कार्यालयमा भने उनले फर्जी सञ्चालक समिति बनाइ अद्यावधिक गरेका छन्। होटलको बहुसंख्यक सेयर लिएका अग्रवाल नै अध्यक्ष थिए, तर बैंकले रिसोर्ट लिलामी गर्ने भएपछि आफू कालोसूचीमा पर्नबाट जोगिन उनले फर्जी काम गरेको होटलका एक लगानीकर्ताले बताए।

# जातीय विभेद अन्त्यको सुरुवात आफैंबाट गरौंः नगरप्रमुख श्रेष्ठ



**अनिल नेपाली**
*अर्घाखाँची*

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले प्रविधिको उच्चतम प्रयोग गरेर समाजलाई सुधारउन्मुख बनाउनुको सट्टा दुरूपयोग गरेर समाजमा अराजकता उश्रृंखल बढेको बताएका छन् अर्घाखाँचीको सन्धिखर्क मा 'हाम्रो साहस परियोजना' को आयोजनामा दलित चेतना विकास परिषद् अर्घाखाँचीको साझेदारीमा अन्तरपुस्ता छलफल कार्यक्रम बुधबार मन्तव्य राख्दै प्रमुख श्रेष्ठले यस्तो बताएका हुन्।

कार्यक्रममा बोल्दै नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले ले पछिल्लो समय समाजमा युवाहरू प्रविधिको उच्चतम प्रयोग गरेर समाजलाई अगाडि बढाउनुको सट्टा समाजमा दुरुपयोग बढेको बताउँदै घरमा आउनेलाई सत्कार गर्नुको सट्टा बाइफाइको पासपोर्ट विदेश जानलाई पासपोर्ट सोध्ने खोज्ने परम्परा बढेको बताउँदै समाजमा विगतको तुलनामा हानिकारक परम्परा जातीय विभेद विगतको तुलनामा निकै कम हुँदै गएको बताउँदै यस विषयमा प्रभावकारी रूपमा समुदायस्तरमै कार्यक्रम सञ्चालन गर्दै नगरपालिकाले वडा तहसम्म जनचेतना विस्तार गरिरहेको छ। यदि जातीय विभेदको अन्त्य हामी आफैँबाट सुरु गऱ्यौं भने विद्यालय, घर र समुदायमा समानताको वातावरण बन्नेमा उनले जोड दिए।

यसैगरी सन्धिखर्क ७ का वडाध्यक्ष चुराबहादुर केसीले घरभित्रबाटै परिवर्तन सुरु हुनुपर्ने बताउँदै विशेषगरी महिलाहरू सचेत भएमा दलित तथा गैरदलितबिचको विभाजन क्रमशः अन्त्य हुँदै जाने धारणा राखेका थिए।

कार्यक्रममा दलित अधिकारकर्मी विष्णु परियार, बाल संगठनका अध्यक्ष रामचन्द्र पोखेल, पत्रकार महासंघका लुम्बिनी प्रदेश कोषाध्यक्ष प्रेमनारायण आचार्य, गैरसरकारी संस्थाका अध्यक्ष ठाकुर अधिकारी, दलित अभियान्ता कमल बिक, जेष्ठ नागरिक मञ्चका सचिव हरि दमासे, युवा अध्यक्ष दिपक भुसाल, विजय बस्याललगायतले मन्तब्य राख्दै जिल्लामा अझै पनि विभेदसम्बन्धी मुद्दाहरू दर्ता भइरहेकाले यसको अन्त्यका लागि समावेशी प्रयास आवश्यक रहेको बताएका थिए। उनीहरुले सबै समुदायको अधिकार सुनिश्चित गर्दै कसैलाई पनि वञ्चित हुन नदिने दिशामा काम गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको सहजीकरण गर्दै राधा नेपाली ले "साहस अन्तरपुस्ता कार्यक्रम" मा जेनजीदेखि ज्येष्ठ नागरिकसम्मको सहभागिता भएकाले समुदायको समग्र आवाज बुझ्न सहज भएको बताइन्। यसका लागि सबै निकायको सहकार्य अपरिहार्य रहेको आयोजकले जनाएको छ। दलित चेतना विकास संघ अर्घाखाँचीकी कावा अध्यक्ष राधा नेपालीको अध्यक्षतामा भएको कार्यक्रम अनिल नेपालीको सञ्चालनमा सम्पन्न भएको हो। कार्यक्रममा सहभागीहरूले पनि विगतको तुलनामा हाल विभेद घट्दै गएको अनुभव सुनाएका थिए।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

**प्रमाणित सम्बन्धमा**

मितिः २०८३/०५/४

जिल्ला रुपन्देही देवदह नगरपालिका वडा नं. ०३ बस्ने भारतीय भू. पू. सैनिक नं. ५३४४००२Y हवल्दार पदका पेन्सनर चक्रबन्धु थापाले आफ्नो पत्नी डिल कुमारी थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर डिल कुमारी थापा, जन्म मिति सन् १९६४/०४/१४ उल्लेख भएको र आफ्नो भारतीय पेन्सन रेकर्डमा पत्नीको नामथर डिक कुमारी थापा, जन्ममिति सन् १९६४ / ०३ / १३ उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित देवदह नगरपालिका ०३ नं. वडा कार्यालयको च. नं. १६४, मिति २०८३/०४/२९ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-8, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com